# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXII YEAR OF OUR LORD JESUS CHRIST, APRIL 2022 No. 4


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**१ यूहन्ना ४:७-१४**

७. प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो र परमेश्वरलाई चिन्छ ।

८. प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।

९. परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो ताकि पुत्रद्वारा हामी जिउन सकौं ।

१०. प्रेम यसैमा छ कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं तर उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो ।

११. प्रिय हो, यदि परमेश्रले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने हामीले पनि एउटाले अर्कोलाई प्रेम गर्नुपर्छ ।

१२. परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । यदि हामीले एउटाले अर्कोलाई प्रेम गऱ्यौं भने परमेश्वर हामीमा रहनुहुन्छ र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ ।

१३. उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ र यसैकारण हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ ।

१४. हामीले देखेका छौं र गवाही दिन्छौं कि पिताले आफ्ना पुत्रलाई संसारका मुक्तिदाता हुन पठाउनुभएको छ ।



# येशूको क्रूस

**भाइ एम. पावलराज**

**THE CROSS OF JESUS!**

**"किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरूका निम्ति मूर्खता हो तर हामी उद्धार पाइरहेकाहरूका निम्ति परमेश्वरको शक्ति हो"** (१ कोरिन्थी १:१८) ।

एक समयमा क्रूसलाई श्रापको चिन्हको रूपमा विचार गरिन्थ्यो । तर येशू खीष्टको क्रूसीकरणको कारण त्यो अब श्रापको चिन्ह भएको छैन तर मुक्ति र प्रेमको चिन्ह बनेको छ । आज करोडौं पुरुष र स्त्रीहरूले आफ्नो घाँटीमा क्रूसलाई प्रेम र आशिष्को चिन्हको रूपमा लगाउँछन् । बाइबलले भन्दछ, "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" (गलाती ३:१३) । तर येशू खीष्टले क्रूसलाई मुक्ति र प्रेमको चिन्हको रूपमा बनाउनुभयो । येशूले क्रूसमा मर्न छनोट गर्नुभएको थिएन तर यहूदीहरू र रोमीहरूले अपराधीको रूपमा येशूलाई व्यवहार गर्दै यो दण्ड दिएका थिए ।

## संसारले यसलाई कसरी हेर्छ ?

क्रूसमा येशूको मृत्युलाई संसारले कसरी हेर्छ ? २० औं शताब्दीका ब्रिटिस कवि र दार्शनिक टि.एस. इलोइटले भने, "क्रूस सर्वोत्तम बलिदानको चिन्ह हो । यो चिन्ह सारा संसारको निम्ति हो । क्रूसचाहिँ सम्पूर्ण समयको निम्ति संसारलाई दिइएको विरासत हो ।" भारतका महान् दार्शनिक डा. एस. राधा कृष्णानल भने, "क्रूस शोक र सतावटको चिन्ह हो ।" १५ औं शताब्दीका कवि र दार्शनिक थोमस ए. केम्पिसले आफ्नो पुस्तक इमिटेसन अफ क्राइष्टमा भनेका छन्, "क्रूस मुक्ति हो, क्रूस जीवन हो, क्रूस हाम्रा शत्रुहरूबाट सुरक्षा हो, क्रूसले स्वर्गको असल कुरा दिन्छ, क्रूस भलाइको चुचुरो हो र क्रूस पवित्रताको सिद्धपना हो ।" पावलका अनुसार बचाइएकाहरूका निम्ति "यो परमेश्वरको शक्ति हो ।"

संसारका धेरै मानिसहरूले क्रूसबाटको सन्देश मूर्खता हो भनेर हेर्छन् । तर हामी बचाइएकाहरूका निम्ति यो परमेश्वरको शक्ति हो । हामीले क्रूसमा मनन गरेर प्रेरणा लिन सक्छौं ।

## क्रूसीकरणको भयानकता

येशू क्रूसमा मर्नुपर्नेछ भनेर उहाँलाई थाहा थियो किनभने त्योचाहिँ अपराधीहरूलाई दिइने अधिकतम् दण्ड थियो । कट्टर यहूदी र रोमीहरूले येशूलाई अपराधीको रूपमा विचार गरेका थिए । यहूदीहरूका निम्ति उहाँ व्यवस्थाको विरुद्धमा हुनुहुन्थ्यो र तिनीहरूका पुराना परम्पराप्रति खतरा हुनुहुन्थ्यो । रोमीहरूले आफ्नो निरन्तर शासनको निम्ति यहूदीहरूलाई खुसी पार्ने चाहना गरे । येशूले आफ्नो क्रूसीकरणअघि नै आफ्नो मृत्युको विषयमा थाहा थियो । उहाँले यो कुरा आफ्ना चेलाहरूलाई बताउनुभयो । तर त्यो समयमा तिनीहरूले यस कुरालाई गम्भीरतापूर्वक लिएनन् । किनभने आफ्नो

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....



**"...तिमीले विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ" (यूहन्ना ११:४०)**

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।

तपाईंको निरन्तरको प्रार्थना र सहायताद्वारा नै हाम्रा सबै सेवकाइहरू विशेष गरी हाम्रो प्रार्थनाको सेवकाइ, १६ भाषामा मासिक पत्रिका, मण्डलीको सेवकाइहरू, बाइबल कलेजहरू, अनलाइन हिन्दी बाइबल कलेज, पत्राचार कोर्सहरू, सुसमाचारीय छापाखाना, बालसंगति, अस्पताल सेवकाइ र भिलेज हाइ स्कुल राम्ररी संचालन भइरहेका छन् । परमेश्वरको कृपाको निम्ति हामी उहाँलाई प्रशंसा गर्छौं ।

हालैका समयमा हामीले सुसमाचारीय कार्य र हाम्रा सुसमाचार प्रचारकहरूलाई पनि विभिन्न तरिकामा धेरै विरोध र बाधाको सामना गर्नुपरेको थियो । जब हामीले नियालेर अवलोकन गर्‍यौं, हामीले थाहा पायौं कि यी समस्याहरू दिने मानिसहरूले मण्डलीहरूबाट धेरै सहायता पाएका थिए र आफ्नो युवावस्थामा ख्रीष्टियान संस्थाहरूमा अध्ययन गरेका थिए । तिनीहरूले आफ्नो शिक्षा पाएका त्यस्ता ख्रीष्टियान स्कुलहरू र कलेजहरूको नाम उल्लेख गर्न अझ गर्व गर्ने गर्छन् । तर अहिले तिनीहरूले ख्रीष्टियान च्यारिटी संस्थाहरू र मण्डलीहरूलाई घृणा गर्छन् । यो घृणाको पछाडिको कारण के हो ? जब हामी यस कुरमा गहिराइमा गयौं, हामीले बुझ्यौं कि ती दिनहरूमा हाम्रा परमेश्वरको सेवकहरू र शिक्षाविदको रूपमा हामीमा दोषको एक भाग रहन्छ कि तिनीहरूमा इमानदारीताको महत्व देखाउन र सबैलाई करुणा देखाउन असफल भएका थिए । तिनीहरूले साँचो समर्पणताको साथमा कार्य गरेका थिएनन् ।

यसलाई एउटा उदाहरणले व्याख्या गरौं । मैले अध्ययन गरेको सरकारी हाई स्कुलमा क्याथोलिक चर्चका सदस्य श्रीमान थोमस र अर्काको ख्रीष्टियान मण्डलीका सदस्य श्रीमान जोनसन भन्ने शिक्षक हुनुहुन्थ्यो । उहाँहरूले आफ्नो शैक्षिक तरिका, रुचि र प्रतिभामा उच्च मापदण्ड कायम राख्नुभएको थियो । उहाँहरूले आफ्ना कार्यहरू, पोशाक र व्यवहारमा राम्रो उदाहरण बनाउनुभएको थियो । त्यसैले धेरै विद्यार्थीहरूले उहाँहरूका गुणलाई अनुकरण गर्थे र परमेश्वरको साँचो भयको साथमा असल चरित्र भएका मानिसको रूपमा ती शैक्षिक संस्थाहरूबाट निस्कन्थे । तीमध्ये म पनि एक हुँ ।

अर्कोतिर, हामीले धेरै मानिसहरू ख्रीष्टियान स्कुलहरू र कलेजहरूमा अध्ययन गरेको देख्छौं र केहीले केवल सहायताको निम्ति मात्रै सहभागी भएका थिए । धेरै मानिसहरूले ख्रीष्टियान अस्पतालहरूबाट मेडिकल उपचार पाएको हुनाले नयाँ जीवन पाएका थिए, अब तिनीहरूले नै परमेश्वरको वचन र परमेश्वरका सेवकहरूलाई घृणा र विरोध गर्छन् । ख्रीष्टियानहरू, ख्रीष्टियान सेवकहरू र ख्रीष्टियान शिक्षाविद्हरूको कमजोरीको कारण यो भएको हो । गल्तीको असल भाग हामीमा पनि रहेको छ । हामीले तिनीहरूमा ख्रीष्टको अनुकरण गराउन असफल भएका थियौं ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

भविष्यमा, हामी ख्रीष्टियानहरूले हाम्रो जीवनमा परमेश्वरको साँचो बोलावट बुझ्नुपर्छ, हाम्रो प्रार्थनाका् जीवनमा असल उदाहरण राख्नुपर्छ, बुद्धिमानी कार्यहरू र सहयोगी कार्यहरू गर्नुपर्छ ताकि हामीलाई हेर्नेहरूले पनि त्यसै गरून् र परमेश्वरको भय मानून् । हाम्रो जीवनमा भएका सबै पक्षहरूमा हाम्रो प्रभु येशू ख्रीष्टलाई प्रतिबिम्बित गर्दै साँचो ख्रीष्टियान जीवनमा अगाडि बढ्न परमेश्वरका हाम्रा सेवकहरू र स्कुल र कलेजमा भएका शिक्षकहरू अगाडि आउनुपर्छ । त्यसपछि मात्रै हामीले सारा बन्धनबाट मानिसहरूको साँचो छुटकाराको आशा गर्न सक्छौं ।

**"... तिमीहरूले सत्यलाई जान्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३२) ।**

बोलावटको प्रतिध्वनि परिवारले यो कुरालाई आफ्नो हृदयमा राखून् र आफ्नो प्रार्थनामा सम्झून् ।

*ख्रीष्ट येशूमा तपाईंका सेवकहरू*

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858

E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

स्वामीको निम्ति तिनीहरूको प्रेमले तिनीहरूका आँखा र मनलाई अन्धो बनाएको थियो ।

मृत्युको निम्ति दोष्याइएको मानिसलाई जनावरभन्दा पनि नराम्रो व्यवहार गरिएको थियो । तिनीहरूलाई कसैले पनि वास्ता गर्दैन । क्रूसमा झुण्ड्याइनुअघि दोष्याइएको अपराधीको नाङ्गो शरीरमा छालाको कोर्राले दयाविहिन तरिकाले पिटिन्थ्यो । कोर्राको शाखादेखि टुप्पोसम्मै ३ वा ४ वटा चुच्चो भाँचिएका हाडको टुक्राहरू वा चुच्चो फलामका टुक्राहरू हुन्थे । तिनीहरूले ढाडमा हान्नको लागि एक पटकमा ३९ पटक प्रयोग गर्थे र त्यसलाई दोहोऱ्याउन पनि सक्थे । त्यसले अपराधीलाई करिबकरिब अधमरो बनाउँथ्यो । येशूले कुनै गल्ती नगरे पनि सोही दण्ड उहाँलाई दिइएको थियो । रोमी शासक पिलातसले घोषणा गरे: "मैले उहाँमा कुनै गल्ती भेटिनँ ।" तर शास्त्रीहरू र कट्टर यहूदीहरूले उहाँको मृत्युको माग गरे र येशूमा सो दण्ड ल्याए । तिनीहरूले निर्दोष रगत बहाए । वर्षौंअघि भजनसंग्रहका लेखकले अगमवाणी भनेका थिए, "हलीहरूले मेरो पिठिउँमा हलो जोते र पिठिउँभरि लामा हलरेखाले कोरे" (भजनसंग्रह १२९:३) ।

## येशूलाई क्रूसमा टाँगिएको थियो

प्राय: क्रूसीकरण गर्ने स्थान सहरको बाहिर हुन्थ्यो । दोषीले काठको क्रूस बोकेर सो स्थानसम्म पुग्नुपर्थ्यो । दोषीको अपराधको स्वीकार एउटा बोर्डमा लेखिन्थ्यो र त्यो दोषीको घाँटीमा झुण्ड्याइन्थ्यो ताकि त्यो सबैले देखून् । सैनिकहरू यतिसम्म निर्दयी थिए कि दोषीको गोप्य अंगलाई सानो कपडाले छोपिदिन्थे र बाँकी शरीरलाई नाङ्गो छोडिदिन्थे । तिनीहरूले दिनको अत्यन्तै ताप र रातको चिसो सहनुपर्थ्यो । दोषीको शरीरको ढाड हलरेखा कोरिएको खेतजस्तो हुन्थ्यो । क्रूसमा झुण्ड्याइने स्थानमा दोषीलाई काठको क्रूसमा ढल्कन लगाइन्थ्यो, उसको दुई हातलाई फैलाएर र गोडाहरू एउटा स्थानमा राख्न । त्यसपछि हात र गोडालाई बाँधिन्थ्यो वा किला ठोकिन्थ्यो । येशूका हात र गोडामा किला ठोकिएको थियो । शुक्रवारको दिनमा येशूलाई क्रूसमा टाँगिएको थियो । क्रूसलाई एउटा प्वालमा राखेर ठड्याइएको थियो र डोरीले तानेर खडा गरिएको थियो । किला ठोकिएको वा बाँधिएको व्यक्ति स्वर्ग र पृथ्वीको बीचमा झुण्डिन्थ्यो । शनिवार यहूदीहरूका निम्ति शबाथको दिन थियो, त्यो दिनमा क्रूसमा कोही पनि झुण्डिएको तिनीहरूले अनुमति दिँदैनथे । दोषी शुक्रवार आफैं मर्थ्यो भने उसको हात वा गोडा भाँचिदैनथ्यो अथवा शरीरमा अझै पनि उसको जीवन हुन्थ्यो भने सैनिकहरूले पीडा बढाउन र चाँडो मृत्यु हुन उसको हात वा गोडा भाँचिदिन्थे । केही मानिसहरू केही दिनसम्म क्रूसमा झुण्ड्याइन्थ्यो, तिनीहरू पागल हुन्थे, रुन्थे र त्यसपछि पूर्ण निरासामा आफ्नो जीवनमा हरेस खान्थे ।

यहाँ, शुक्रवारको दिन उहाँलाई क्रूसमा झुण्ड्याइएको छ घण्टापछि उहाँले आफ्नो जीवन त्याग्नुभयो । उहाँलाई ९ बजेतिर क्रूसमा झुण्ड्याइएको थियो, १२ बजेसम्म पाप, श्राप र रोगको प्याला पियाइएको थियो र ३ बजे उहाँले आफ्नो जीवन त्याग्नुभयो । त्यसैले उहाँका हातगोडा भाँचिएको थिएन । आफ्नो शंकालाई निवारण गर्न सैनिकले येशूको शरीरमा आफ्नो भालाले घोचेको थियो र येशूको मृत्युलाई निश्चित गरेको थियो किनकि त्यहाँबाट रगत र पानी निस्किएको थियो ।

येशू ख्रीष्टले क्रूसमा स्पष्ट रूपमा सात वटा वाक्यहरू भन्नुभयो, जुन यस्तो रहेको छ:

१. पिता, तिनीहरूलाई क्षमा गर्नुहोस् किनभने तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन् (लूका २३:३४) ।

२. साँच्चै म तिमीलाई भन्दछु, आज तिमी मसँग स्वर्गलोकमा हुनेछौ (लूका २३:४३) ।

३. येशूले आफ्नी आमालाई भन्नुभयो, "हे नारी, हेर तिम्रो छोरा ।" त्यसपछि उहाँले चेलालाई भन्नुभयो, "हेर, तिम्री आमा" (यूहन्ना १९:२६, २७) ।

४. "एली, एली, लामा सबखथनी ?" जसको अर्थ हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ? (मत्ती २७:४६)

५. त्यसपछि अब सबै थोक पूरा गरिएको थियो भनेर येशूले जान्नुहुन्थ्यो किनकि पवित्रशास्त्र पूरा भएको होस्, उहाँले भन्नुभयो, "मलाई तिर्खा लाग्यो" (यूहन्ना १९:२८) ।

६. त्यसैले जब येशूले सिर्का लिनुभयो, उहाँले भन्नुभयो, "अब सिद्धियो" (यूहन्ना १९:३०) ।

७. अनि जब येशूले ठूलो सोर निकालेर पुकारा गर्नुभयो । उहाँले भन्नुभयो, "पिता, म मेरो प्राण तपाईंको हातमा सुम्पन्छु ।" अनि यति भनिसकेपछि उहाँले आफ्नो प्राण त्याग्नुभयो (लूका २३:४६) ।

## येशूले आफ्नो जीवन फाल्नुभएको थिएन

येशू "बलिदान" को रूपमा निष्खोट थुमाको रूपमा संसारमा आउनुभएको थियो ।

किनकि साँढे र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ । यसकारण संसारमा आउनुहुँदा ख्रीष्टले भन्नुभयो:

"बलि र भेटीहरू तपाईंले चाहनुभएन तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ । होमबलि र पापबलिहरूमा तपाईं प्रसन्न हुनुहुन्न ।"

"तब मैले भनें, हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाईंकै इच्छा पूरा गर्न म आएको छु" (हिब्रू १०:४-७) ।

त्यसैले बलिदानको रूपमा येशूको मृत्यु पहिले नै तय भएको थियो। बाइबलले भन्दछ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)। येशू आफैंले भन्नुभयो,

"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ" (यूहन्ना ३:१४, १५)।

## येशूको पुनरुत्थान

येशू शुक्रवार दिउँसो क्रूसमा मर्नुभयो। तर उहाँ तेस्रो दिन आइतवार बिहानै मृतकबाट जीवित हुनुभयो। मृत्युले उहाँलाई बाँधेर राख्न सकेन। उहाँको आफ्नै शब्दमा उहाँले भन्नुभयो:

"जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु अनि मृत्यु र पातालका साँचाहरू मसित छन्" (प्रकाश १:१८)।

येशूको मृत्यु र पुनरुत्थानअघि मरेकाहरूका बीचमा भएका धर्मीहरू पातालको माथिल्लो स्थानमा विश्राम गरिरहेका थिए (यशैया ५७:२), जबकि दुष्टका आत्माहरू तल्लो स्थानमा थिए, जहाँ कहिल्यै ननिभ्ने आगो र गन्धक थियो। मरेका धर्मीहरूले कुनै पनि दण्ड नपाउका भए पनि तिनीहरू तल भएका मरेका दुष्टहरूको क्रन्दन र पुकारामा खुल्ला थिए। येशूको आत्मा पातालमा झर्नुभएको थियो, विश्राममा भएका धर्मीहरूलाई सुसमाचार सुनाउनुभयो र तिनीहरूलाई तेस्रो स्वर्ग, स्वर्गलोकमा फिर्ता ल्याउनुभयो (२ कोरिन्थी १२:२-४, एफिसी ४:८,९, भजनसंग्रह ६८:१८)। येशूले मरेका धर्मीहरूलाई (हाबिलदेखि बप्तिस्मा दिने यूहन्नासम्म) तिनीहरूका कामको निम्ति आदर र सम्मान दिनुभयो। हामी आदमको न्यायमाथि बसिरहेका छैनौं। परमेश्वरले छान्नुभएको पहिलो मानिस भएर पतन भएको आदमले सर्वशक्तिमान परमेश्वरबाट अनुग्रह प्राप्त गरेको हुन सक्छ।

## येशूले अर्को सान्त्वनाकर्ता पठाउनुहुन्छ

स्वर्गमा परमेश्वरको दाहिने बाहुलीमा बस्नुहुने बौरिउठनुभएको येशू खीष्टले पवित्र आत्मा, सान्त्वनाकर्ता पठाउनुभयो, जुन हामीले प्रेरित २:१ मा देख्छौं। अब, येशू मरिरहेकै अवस्थामा हुनुहुन्न, उहाँ जीवित हुनुहुन्छ र उहाँ हाम्रो बीचमा बस्नुहुन्छ। बाइबलले भन्दछ, आफ्नै पुत्र दिनुभएको परमप्रभु परमेश्वरले कसरी हामीलाई सबै थोक दिनुहुन्न र?

"जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र?" (रोमी ८:३२)।

## पावलको आशा के हो ?

पावल परमेश्वरका मानिसहरूप्रति विद्रोही थिए। तिनी बेन्यामीन कुलका थिए। तिनले व्यवस्था अध्ययन गरेका थिए। तिनी फरिसी थिए। व्यवस्थाअनुसार तिनलाई सताउन मिल्दैनथ्यो। तर दमस्कसमा बसोबास गर्ने खीष्टियानहरूलाई सताउन प्रधान पूजहारीको पत्रको साथमा आफ्नो साथीहरूका साथमा दमस्कसमा तिनको मार्गमा जाँदा अचानक एउटा ज्योति तिनको सामु चम्क्यो। तिनले देख्न सकेनन्। प्रभु येशू तिनीसँग बोल्नुभयो। उहाँले भन्नुभयो, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" तिनले भने, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। तर उठेर सहरमा जाऊ र तिमीले जे गर्नुपर्छ, सो तिमीलाई बताइनेछ" (प्रेरित ९:४-६)। येशूका चेला हननियाले तिनलाई भेटे र तिनलाई प्रार्थना गरे। तिनले फेरि आफ्नो दृष्टि प्राप्त गरे। परमप्रभुले विद्रोहीलाई राजाहरू र गैहृयहूदीहरूलाई सुसमाचार प्रचार गर्न छान्नुभयो। त्यसपछि तिनी येशू खीष्टका मुख्य चेला बने र सुसमाचार फैलावटको निम्ति मर्न पनि तयार बनाउनुभयो। परमप्रभुले उहाँको सेवा गर्न सबै मानिसहरूलाई बोलाउनुहुन्छ। तिनले आफ्नो अन्तिम श्वाससम्मै परमेश्वरको सेवा गरे।

## एउटा व्यक्तिले के गर्न सक्छ ?

पावलले आफ्नो अनुभवलाई बताउँछन्। "म खीष्टसँग क्रूसमा टाँगिएको छु, अब जिउने म होइनँ तर खीष्ट ममा जिउनुहुन्छ..." (गलाती २:२०)। साधारण भाषामा तिनी खीष्टसँग मरे र अब तिनीभित्र जिउने व्यक्ति खीष्ट हुनुहुन्छ।

खीष्टकहाँ आएको, मुक्तिको महान् वरदान पाएको र उहाँको निम्ति जिएको र परमेश्वरको राज्यमा प्रवेश गरेको परमेश्वरको चाहना हो। पावलले हरेक जनालाई अनुरोध गर्छन्:

"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-

....Contd. to page 6

नहेम्याह बाइबल कॉलेज
रेसिडेन्शल कॉलेज, चेन्नई।
ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE (ECHO GROUP)
माध्यमः हिन्दी
Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL Estd. 1969
*सदस्यता के लिए पंजीकृत उम्मीदवार* - ATA
सुविख्यात अंतर्राष्ट्रीय मसीही अगुवे तथा पिछले 53 वर्षों से सेवारत वरिष्ठ पासवान
सर्टिफिकेट इन थियोलॉजी – 1 साल
डिप्लोमा ऑफ थियोलॉजी – 2 साल
योग्यता 10 वी या अधिक
जल्दी करें!
**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ऑनलाइन कक्षाएं उपलब्ध हैं ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

अप्रिल १९: परमेश्वरले १७ अप्रिलमा सम्पन्न भएको हाम्रो इस्टर आइतवार सेवाहरूमा आशिष् दिनुभयो ।

अप्रिल २०: सुसमाचारको साथमा सुसमाचार नपुगेको क्षेत्रहरूमा प्रवेश गर्न हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

अप्रिल २१: विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइका सबै क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २२: हाम्रा सबै सहसम्पादकहरू र उहाँहरूका परिवारका सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

अप्रिल २३: हाम्रो मुख्य मण्डलीमा भएको पुरुष बैठकमा परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २४: परमेश्वरले १६ वटा भाषाहरूमा भएको हाम्रा प्रकाशनहरूमा आशिष् दिनुभयो, जुन हाम्रो छापाखानामा छापिन्छ र मिसनको क्षेत्रमा पठाइन्छ ।

अप्रिल २५: परमेश्वरले हाम्रो मुख्य र शाखा मण्डलीमा धेरै विश्वासीहरूका साथमा आशिष् दिनुभयो ।

अप्रिल २६: हाम्रा सहयोगीहरूका प्रार्थना र सहायताको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल २७: प्रान्तीय संयोजकहरू र उहाँहरूका संगतिको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

अप्रिल २८: हाम्रो मुख्य मण्डली हाम्रो दिदीबहिनी संगतिमा परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २९: हाम्रो हिन्दी अनलाइन ईश्वरशास्त्रीय कोर्समा परमेश्वरको आशिषको निम्ति उहाँलाई प्रशंसा होस् ।

अप्रिल ३०: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई १: मिसनरी कर्मचारीहरूको प्रतिबद्धताको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई २: हाम्रो पास्टर एस. साम सेल्भाराज र परिवारमा प्रशस्त आशिषको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

मई ३: बोलावटको प्रतिध्वनि सेवकाइका कर्मचारीहरूलाई कोरोना भाइरसको संक्रमणबाट बचाइरहनुभएको निम्ति परमेश्वरलाई प्रशंसा होस् ।

### प्रार्थनाको निम्ति बुँदाहरू

मई ४: रूस र युक्रेन बीचमा भएको लडाइँ र संसारभरि शान्ति हुनको निम्ति प्रार्थना गर्नुहोस् ।

मई ५: बोलावटको प्रतिध्वनि सेवकाइहरूका आवश्यक आर्थिक कुराहरू परमेश्वरले जुटाइदिनुभएको होस् ।

मई ६: सबै ख्रीष्टियान संस्थाहरूका निम्ति प्रार्थना गरौं ।

मई ७: हाम्रा संयोजकहरू र पास्टरहरूलाई परमेश्वरले नयाँ सामर्थ्य दिनुभएको होस् ।

मई ८: हाम्रो बोलावटको प्रतिध्वनिका सेवकाइहरूमा परमेश्वरले अझै धेरै समर्पित कर्मचारीहरू ल्याउनुभएको होस् ।

मई ९: महिला र बालबालिकाको विरुद्धमा हुने हिंसाहरूको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

मई १०: संसारको सबै देशहरूबाट कोरोना भाइरसको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

मई ११: हाम्रो मिसन क्षेत्रमा भएका कर्मचारीहरूका निम्ति प्रार्थना गरौं ।

मई १२: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति प्रार्थना गरौं ।

मई १३: कोरोना संक्रमणका कारण आफ्ना प्रियजनहरूलाई गुमाएका शोकित परिवारहरूका निम्ति प्रार्थना गरौं ।

मई १४: हाम्रा अंग्रेजी सहसम्पादक भाइ एम. पावलराज पूर्णरूपमा निको हुनुभएको होस् भनी निरन्तर प्रार्थना गरौं ।

मई १५: हाम्रो सिनियर पास्टरले आफ्नो जीवन लेख्न सफल हुन परमेश्वरमा प्रार्थना गरौं ।

मई १६: संसारभरि शान्तिको निम्ति प्रार्थना गरौं ।

मई १७: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका विश्वासीहरू, अगुवाहरू, प्रार्थनाका योद्धाहरूका निम्ति प्रार्थना गरौं ।

मई १८: परमेश्वरले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिशरूबाट निरन्तर बचाउनुभएको होस् ।

....Contd. from page 4

आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर" (रोमी १२:१)।

तिनले यस्तो भन्छन्, "यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२:२)। प्रभुले उहाँसँग जिउने हरेक जनाबाट समर्पित जीवनको चाहना गर्नुहुन्छ र उहाँको दोस्रो आगमनमा जब हामीले परमेश्वरको तुरहीको आवाज सुन्छौं, हामीले रूपान्तरणको अनुभव पाउँछौं, स्वर्गमा उचालिन्छौं र आकासमा बादलमा प्रभु येशूलाई भेट्छौं, येशूको पुनरुत्थानको शक्तिबाट पुनरुत्थान भएर र स्वर्गको ढोकाभित्र पस्छौं र सिंहासनमा विराजमान हुनुभएको सर्वशक्तिमान परमेश्वर पितालाई भेट्छौं ( भजनसंग्रह ११:४)।

## संसार कहाँ जाँदैछ ?

संसारका मानिसहरू शैतान र त्यसका छलपूर्ण तरिकाहरूबाट परीक्षित भएका छन् र तिनीहरूलाई अस्थिर उठाइलैजाने र संसारका आकर्षक आनन्दतिर तानेको छ, तिनीहरूको शान्ति चोरेको छ र तिनीहरूलाई व्यर्थको बनाएको छ र त्यसको संसारमा तानेको छ। अब संसारले त्यसको कार्यक्रममा आनन्द गर्छ। तिनीहरूका वरिपरि भएको मृत्युको जालको चोट तिनीहरूले ध्यान दिएका थिएनन्। तिनीहरूले विरलै परमेश्वरको वचनमा आफ्नो कान थाप्छन्। क्रूसको शिक्षा तिनीहरूलाई विनाशको कुरा लाग्छ। तिनीहरू आफ्ना कुरा र संसारका धेरै कुराहरूमा घमण्ड गर्छन्। तिनीहरू आफ्नो भव्य घरहरू, डुङ्गाजस्तो कारहरू, तिनीहरूका इन्कार गरिएका धन, बैंकमा भएका पैसा, पत्नी र छोराछोरी र अन्य कुराहरूको घमण्ड गर्छन् तर खीष्टको कुरामा शोक गर्छन्। महामारी कोभिड १९ ले तीमध्ये धेरैलाई थोरै समयमा लग्यो। मानिसहरू अक्सिजन सिलिन्डरको खोजीमा दौडिरहेका थिए। धेरै जना त्यसको अभावले मरे। संसारका धेरै भागहरूमा बादल विष्फोट भएको हुनाले जीवन कठिन भयो। हालै मात्र यूरोपका देशहरूमा चीनले १००० वर्षको सारा मानिसको अभिलेखलाई तोड्ने भिषण वर्षा गरेको थियो। पहिरो, ज्वालामुखी विष्फोट, भूकम्प, आदिले मानिसहरूलाई जिउन कठिन बनाएको छ। तापनि तिनीहरूले आफैंलाई नम्र बनाएका छैनन् र आफ्नो धनमा घमण्ड गर्न छोडेका छैनन्। बाइबलले भन्दछ:

"परमप्रभु यसो भन्नुहुन्छ: बुद्धिमान मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस् अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस् अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस् तर जसले घमण्ड गर्छ, त्यसले यस विषयमा घमण्ड गरोस्: म परमप्रभुलाई जान्दछु र चिन्दछु र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ किनभने यिनै कुरामा म प्रसन्न हुन्छु" परमप्रभु भन्नुहुन्छ (यर्मिया ९:२३,२४)।

पृथ्वीमा प्रभु आफैंले प्रेमिलो दया, न्याय र धार्मिकताको अभ्यास गर्नुहुन्छ। प्रभु सर्वोच्च हुनुहुन्छ। पृथ्वी वा स्वर्गमा त्यस्तो कुनै शक्ति छैन, जुन प्रभु येशू खीष्टभन्दा सर्वोच्च छ, जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो। त्यसकारण पावल भन्छन्:

"हाम्रा प्रभु येशू खीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ" (गलाती ६:१४)। पावलको निम्ति संसार पूर्णरूपले फालिएको थिएन तर क्रूसमा झुण्ड्याइएको वा निषेध गरिएको थियो अनि तिनीचाहिँ संसारमा। संसारले चाहेजस्तो गरी तिनलाई प्रयोग गर्न सक्दैन तर क्रूसमा टाँगिएको छ। परमेश्वरका जनले तामिल भाषामा यस्तो गीत रचना गरेका थिए, "मेन्माइ पाराट्टुभेन।"

***म उहाँको नाउँको स्तुति गर्नेछु***
***म उहाँको नाउँको स्तुति गर्नेछु***
***म येशूका् प्रेमलाई मात्रै स्तुति गर्नेछु।***
***क्रूस मेरो काँधमा, क्रूस मेरो शरणस्थान हो,***
***तपाईं येशूलाई प्रशंसा, तपाईंलाई प्रशंसा***
***कलवरीको येशूलाई प्रशंसा।***
***म क्रूसमा टाँगिएको थिएँ, म क्रूसमा टाँगिएको थिएँ***
***म होइनँ तर येशू***
***मैले ममा देखाउनेछु।***
***म क्रूस बोक्नेछु, म क्रूस बोक्नेछु,***
***म कष्ट सहनेछु***
***येशूको महिमाको खातिर।***

यो गीत हरेक खीष्टियानको हुनुपर्छ।

हाम्रो परमेश्वर त्रिएक परमेश्वर हुनुहुन्छ। उहाँ खीष्टको रूपमा प्रकट हुनुभएको छ, परमेश्वरको स्वर्गदूतको रूपमा, जुन परमप्रभुको आशिष् र सुरक्षा हो, उहाँ परमेश्वरको रूपमा प्रकट हुनुभएको छ, काम गर्ने प्रभु अनि परमप्रभु परमेश्वर, सर्वोच्च


**NEHEMIAH BIBLE EVENING COLLEGE**

Chepauk & Santhoshapuram, Chennai.

Medium : Tamil

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)

Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years

**Certificate in Theology : One year**

Qualification : 10th Standard & above

Rush for Admission!

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

परमेश्वर, जसले सबै थोक दिनुहुन्छ। उहाँको अर्को पनि प्रकटीकरण छ, अनन्तको परमेश्वर, जुन सृष्टि अघि, सृष्टिको समयमा र सृष्टि पछि छ। त्यसकारण, हाम्रो परमेश्वर अचम्मको परमेश्वर हुनुहुन्छ । सन्त पावल प्रभुलाई धेरैभन्दा धेरै चिन्न चाहन्छन्। खीष्टको रूपमा येशूको स्पष्ट ज्ञानको साथमा तिनी सन्तुष्ट थिएनन्। येशू आफैंले भन्नुभयो, "अब अनन्त जीवन यही हो कि तिनीहरूले तपाईं, एक मात्र सत्य परमेश्वरलाई चिनून् र तपाईंले पठाउनुभएको येशू खीष्टलाई चिनून्" (यूहन्ना १७:३) ।

खीष्टको निम्ति पावलको खोजीमा तिनले भन्छन् कि तिनको निम्ति एक पटक लाभको रूपमा विचार गरिएका कुराहरू, जुन तिनको पुर्खा, धन, व्यवस्थाको ज्ञान, रोमी नागरिकता, आदि हुन्, तिनले खीष्टको निम्ति नोक्सानीको रूपमा गनेका छन् । खीष्टको ज्ञानको सर्वोच्चताको निम्ति तिनले यी सबै थोकलाई नोक्सानीको रूपमा विचार गरेका छन् । खीष्टलाई पाउनको निम्ति तिनले सबै थोकलाई नोक्सानीको रूपमा गनेका छन्। तिनले उहाँ र उहाँको पुनरुत्थानको शक्ति र उहाँको कष्टको संगति, उहाँको मृत्युमा अनुकरण हुँदाका कुरा पनि जान्न चाहन्छन् (फिलिप्पी ३:७, १०,११) ।

फादर बर्चमेन्सले गाउँछन्:

हे मेरो राजा, तपाईंको उपस्थिति पर्याप्त छ,
मेरो निम्ति सधैं पर्याप्त छ,
तपाईंको उपस्थिति, तपाईंको उपस्थिति
तपाईं परमेश्वरको उपस्थिति ।
म अझै तपाईंलाई थाहा गर्न सकूँ,
म अझै तपाईंको नजिक आउन सकूँ ।

## येशूले बोलाउनुहुन्छ

हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ र म तिमीहरूलाई विश्राम दिनेछु (मत्ती ११:२८) ।

उहाँले आफ्ना मानिसहरू, यहूदीलाई मात्रै यो बोलावट दिनुभएको छैन तर कुनै पनि देश, वंश र भाषाका मानिस भएका सारा संसारलाई हो । येशूले भन्नुभयो, "जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु र ताडना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर । हेर, म ढोकामा उभिएर ढकढक्याउँछु। कसैले मेरो सोर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ" (प्रकाश ३:१९,२०) ।

बाइबलले भन्दछ, "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ र हाम्रा निम्ति मात्र होइन तर सारा संसारका पापका निम्ति पनि" (१ यूहन्ना २:२) ।

येशूले संसारको मुक्तिको निम्ति क्रूसलाई अङ्गाल्नुभयो । पहिलो खण्डबाट प्रभुले मानिसहरूको ठूलो समुदायबाट उहाँको राज्य पूरा गर्न चाहनुभयो, जुनचाहिँ आदमदेखि येशू खीष्टसम्म हो । संसारमा राजाहरूका महाराजाको रूपमा उहाँको एक हजार वर्षको शासनबाट उहाँले अर्को खण्ड पूरा गर्ने योजना गर्नुभयो। त्यसपछि उहाँ अर्को पटक मर्नुहुनेछैन किनकि बसोबास गर्ने मानिसहरू त्यस्ता छन्, जसलाई महासंकष्टको समयमा स्वर्गदूले यहूदीका १२ कुलको निधारमा छाप लगाएर तिनीहरूबाट परमेश्वरले छान्नुभएको थियो ।

अब क्रूसबाट अनुग्रह र कृपा बहन्छ। विगतका प्राचनी मानिसहरूले जहाजबाट, पवित्रहरूका महापवित्रलाई पर्दापछाडि राखेर अनुग्रह प्राप्त गरे। अब त्यो येशूको क्रूस हो। क्रूसमा हेर्ने मानिसहरू आफ्नो निम्ति मरेका छन् र खीष्टको निम्ति जिएका छन्। अनि जिउने, खीष्टको निम्ति जिउँछन् र परमेश्वरको राज्यको हकदार बन्छन् ।

## चेलाहरूलाई बोलावट

चेलाहरूको बोलावट विश्वासीहरूको बोलावटबाट फरक हुन्छ । चेलाहरूको बोलावटमा ठूलो कष्ट र बलिदान समावेश हुन्छ । आफैं, परिवार र घरबाट निस्कन सबैलाई सजिलो हुँदैन । तर संसारका कुराहरूलाई त्याग्ने र येशूलाई पछ्याउने कुरा महान् कुरा हो । तिनीहरूलाई ठूलो सम्मान दिइनेछ। उहाँका चेलाहरूले त्यस्तो बोलावट छाने र तिनीहरू प्रेरित बने । आज धेरै मानिसहरूले आफैंलाई प्रेरित भन्छन् । बिना कुनै बलिदान मण्डली स्थापना र अन्य काम गर्छन् ।

येशूले भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्" (मर्कूस ८:३४)। पत्रुसले प्रभुलाई भने, "हेर्नुहोस्, हामीले सबै छोड्यौं र तपाईंको पछि लागेका छौं ।" येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदीबहिनीह वा आमा-बुबा वा छोराछोरीहरू वा जग्गाजमिन छोड्छ, त्यसले सतावटको साथसाथै सय गुणा बढी घर, दाजुभाइ, दिदी-बहिनी, आमा, छोरा-छोरी र जग्गाजमिन यसै समयमा पाउनेछ अनि आउँदो युगमा अनन्त जीवन" (मर्कूस १०:२८-३०) । परमप्रभुको निम्ति दिनेहरू गरिब हुनेछैनन् । अनि प्रभुले पत्रुसलाई फेरि भन्नुभयो, "हेर्नुहोस्, हामीले त सबै थोक छोडेर तपाईंको पछि लागेका छौं । हामीले चाहिँ के पाउनेछौं ?" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरू जो मेरो पछि लागेका छौ, नयाँ सृष्टिमा जब मानिसको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, तब तिमीहरू पनि बाह्र सिंहासनमा बस्नेछौ र इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्नेछौ" (मत्ती १९:२७,२८) ।

क्रूसले चेलाहरूमा अत्यन्तै धेरै आशिष् ल्याउँछ । तर क्रूसको शिक्षा धेरैको निम्ति पागलपनजस्तो देखिन सक्छ । तिनीहरू शैतानको बन्धनमा समातिएका छन् र विनाशतिर अघि बढ्दैछन् । तापनि, खीष्टको प्रेम चाख्ने र क्रूसको महान्ता सम्मान गर्ने हरेक खीष्टियानले ती अघि बढिरहेका मानिसहरूलाई बोलाउनुपर्छ र खीष्टको प्रेमको अधीनमा ल्याउनुपर्छ ताकि तिनीहरूले आफैंलाई बचाउन सकून् । आज हजारौं खीष्टको प्रेम र क्रूसको महान्ताको अधीनमा आएका छन्। हाम्रो निम्ति क्रूसको शिक्षा परमेश्वरको शक्ति हो । आमेन् ।

************



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

## परमेश्वरले असल अवस्था प्रदान गर्नुभयो ।

कन्नाटुभिलाइ भन्ने सानो गाउँमा भएको सरकारी स्कुलमा मेरो प्राथमिक स्कुलको शिक्षा पूरा भएपछि मेरा अभिभावकहरूले मलाई आत्मिक रूपमा हुर्काउने चाहनाको साथमा नेयूर, ह्याकर मेमोरियल माथिल्लो प्राथमिक




Government School, Kannatuvilai



Hacker Memorial Upper Primary School



Government High School, Eranial




Lakshmipuram College

स्कुल, ख्रीष्टियान मिडल स्कुलमा मलाई भर्ना गरिदिनुभयो । यो स्कुलमा पहिलो पटक मेरो ६ कक्षादेखि मैले अंग्रेजीमा पढेको थिएँ। नेयूर सानो नगर थियो, जुन मेरो घरदेखि ५ किलोमिटर टाढा थियो । मेरा अभिभावकहरूले मलाई हरेक दिन १० किलोमिटर जान र फर्किन हिँड्न सिकाउनुभयो । म त्यो स्कुलका शिक्षकहरूको प्रेम, बुद्धि, समर्पणता र बलिदानप्रति आकर्षित



*Photo taken on the retirement day of Mr. C. Devadhas (Sitting : 4th person from Left to Right)*

भएँ। त्यसपछि मैले इरानियल, सरकारी हाइ स्कुलमा अध्ययन गरें र नेयूर, लक्ष्मीपुरम कलेज अफ आर्टस् एण्ड साइन्समा अध्ययन गरें ।

रेभ. केसरी, मुथाइह (प्रधानाध्यापक), सी. देभादास, सुन्दराराज र महिला शिक्षिकाहरू श्रीमती स्टेला हेप्सिबा चेल्लाप्पा, श्रीमती बी. अन्नाबाइ मोजेज, श्रीमती जे. सरोजा थान्गाभादिभू, श्रीमती इथाज, श्रीमती पी.लिसी, र अन्य मानिसहरूको समर्पणताले मलाई परमेश्वरको भय मान्ने व्यक्तिमा परिणत गरेको थियो । ममा शारीरिक समस्याहरू भएको साथै आफू सानो छु भन्ने विचार भएको हुनाले म अरू विद्यार्थीहरूसँग मिल्न रोकेको थिएँ । मलाई



*Mrs. B. Annabai Moses, Mrs. Stella Hepsibah and Mrs. J. Saroja Thangavadivu (Left to Right)*

उचाल्न र मलाई प्रेरित गर्न मेरा शिक्षकहरू सी. देवदास, सुन्दरराज, श्रीमती बी. अन्नाबाइ मोजेज, श्रीमती स्टेला हेम्सीबा चेल्लाप्पा र श्रीमती जे. सरोजा थागाभादिदुले महत्वपूण भूमिका खेल्नुभएको थियो ।

शिक्षकहरूले मप्रति देखाउनुभएको ईश्वरीय प्रेम र चासोले मलाई जीवित परमेश्वर येशू ख्रीष्टतर्फ डोऱ्याएको थियो । अपाङ्गता भएका गरिब र तल्लो अवस्थामा भएका मानिसहरूलाई कसरी प्रेम गर्ने भनेर उहाँहरूले मलाई सिकाउनु पनि भयो । त्यो स्कुलमा मेरा शिक्षकहरूले मलाई बाइबलका धेरै गहन रहस्यहरू पनि सिकाउनुभयो । मेरो बाल्यकालमै मैले बाइबलका यी खण्डहरू हृदयबाटै सिकेको थिएँ: भजनसंग्रह १, २, २३? ९१, १२१, १३६, १ कोरिन्थी १३, मत्ती ४, ५, ६ अध्याय । मैले मेहेनत, इमानदारीताको महत्व र सीधा कुरा गर्न पनि सिकें । जब म हुर्कें, यी अनुभवहरूले मलाई सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल सुरु गर्न र संचालन गर्न प्रेरित गरेको थियो ।



*Bro. B. Emmanuel Manoharan*



*Bro. G. Jeyananda Paulmony (late)*

मेरो घनिष्ट साथीहरू भाइ बी. इम्मानुएल मनोहरन, रेभ. साम येसुदास, भाइ चार्ल्स पेर्न बेन्टली, भाइ हम्फेरि विनिस्टर, भाइ थान्गारासाल, भाइ ह्यारिसन फेस्टस जोएल, भाइ रवि देभाधानाम, भाइ डि.डि. राजन, भाइ अउडसन मोहन, रेभ. डा. ए. सेल्भाराज र भाइ जी. जेयनन्दा पावलमोनी मेरा आत्मिक मित्रहरू थिए। अब यी मानिसहरू हाम्रो प्रभु येशू ख्रीष्टको सेवाका पहिलो पङ्क्तिका सेवकहरू हुन् तर तीमध्ये दुई जना भाइ ह्यारिसन फेस्टस जोएल र भाइ जी. जेयानन्दा पावलमोनी अहिले प्रभुसँग हुनुहुन्छ। त्यसकारण, परमप्रभु परमेश्वरले कदम कदममा बलियो जग निर्माण गर्नुभयो ताकि म परमेश्वरको सेवकको रूपमा आउन सकूँ, जसले प्रभुको सेवकाइ र आत्मिकपनाको गहिराइलाई प्रेम गर्न सकोस्।

# नहेम्याह बाइबल कलेजबाट समाचार

विगत केही वर्षदेखि कोभिड-१९ को कारण हाम्रा सेवकाइहरू आर्थिक रूपमा प्रभावित भएका थिए। परमेश्वरको अनुग्रहद्वारा हामीले सबै कठिन अजस्थाहरूमा विजयी हुने कोसिस गरिरहेका छौं। परमेश्वरलाई महिमा होस्।

"सदस्यको निम्ति दर्ता गरिएको उम्मेदवार" को रूपमा हाम्रो कलेजले आधिकारीकता पाएको एसियन थियोलोजिकल असोसिएसन (एटिए) ले प्रस्ताव गरेको नियम





अनुसार हाम्रो विद्यार्थीको दैनिक प्रयोगको निम्ति कम्तीमा ८,००० वटा पुस्तकहरूका साथमा पूर्णरूपले संचालन भएको पुस्तकालय हुनुपर्छ। हामीसँग पहिले नै करिब २००० वटा पुस्तकहरू छन्। बाँकी रहेका पुस्तकहरू किन्न र त्यसलाई क्रमैअनुसार राख्न हामीसँग कुनै स्रोत छैन। तर हामीले यो आवश्यकताको निम्ति लामो समयदेखि प्रार्थना गरिरहेका छौं।

हाम्रो प्रार्थनाको जवाफमा हाम्रा मित्रले हामीलाई करिब ४,००० पुस्तकहरू अनुदान दिनुभएको थियो। ठूलो कोसिसको साथमा परमेश्वरको अनुग्रहद्वारा हामीले १८ वटा स्टिलका दराजहरू किन्न र त्यसलाई सुरक्षित र क्रममा राखेका छौं।

अब हामीले त्यसका शीर्षकहरू र यी पुस्तकहरूलका अन्य विस्तृत जानकारीहरू कम्प्युटरमा अपलोड गर्न र त्यसलाई उपयुक्त तरिकामा कायम राख्नुपरेको छ, जसमा ठूलो आर्थिक खर्च र मेहेनत समावेश भएको छ। हामीले पहिले नै हाम्रो नहेम्याह बाइबल कलेज फ्याकल्टी सदस्यहरू, पास्टरहरू र कर्मचारीहरू, छाप्ने कागजमा खर्च, छाप्ने सामाग्रीहरूसँग सम्बन्धित सामानहरूको शुल्क, यातायात खर्च आदि सम्बन्धी मासिक खर्च व्यवस्थापन गर्नमा पहिले नै समस्याहरू भोलिरहेका छौं। हामीले यस्ता कुराहरूको निम्ति भएका हाम्रा आवश्यकताहरूलाई सार्वजनिक गरेका छैनौं। तर हरेक महिना यी खर्चहरू हामीले ठूलो विश्वास र प्रार्थनाको अभ्यास र ठूलो प्रयास लगानी गर्दै पूरा गरेका छौं। यो समयमा, पुस्तकहरूलाई कम्प्यूटरमा राख्न र त्यसलाई कायम राख्न र नहेम्याह बाइब्ल कलेजका विद्यार्थीहरूका प्रयोगको निम्ति ती राख्न यो समयमा हामीलाई यी कुराहरूको अत्यन्तै आवश्यकता गरेको छ:

| | |
|---|---|
| १. दुई वटा कम्प्यूटर- हरेकको शुल्क ५५,००० | १,१०,००० |
| २. कम्प्यूटरहरूका निम्ति कोहा सफ्टवेयर | २०,००० |
| ३. पुस्तकहरू अपलोड गर्न र आवश्यक इन्ट्री गर्न | ३०,००० |
| ४.अन्य खर्चहरू | १०,००० |
| जम्मा | १,७०,००० |

यी अत्यावश्यक कुराहरू पूरा गर्न हामीलाई समस्या भएको छ। कृपया यो खाँचोको निम्ति बोझको साथमा प्रार्थना गरिदिनुहोस्। प्रभुले तपाईंको हृदयमा प्रेरणा दिनुहुन्छ भने तपाईंले हामीलाई आर्थिक रूपमा सहायता गर्न वा माथि उल्लेख गरिएका आवश्यकताहरूमध्ये एउटा वा सम्पूर्ण कुरा दिएर सहायता गर्न सक्नुहुन्छ। हामीलाई सहायता गर्न हाम्रा साथीहरूलाई बाध्य पार्ने हाम्रो बानी होइन। हामीले यो कुरा बाँडिरहेका छौं किनभने तपाईं हाम्रा सहकर्मीहरू हुनुहुन्छ। कृपया हामीलाई गलत रूपमा नबुझिदिनुहोला। कृपया यो आग्रहको निम्ति प्रार्थना गरिदिनुहोस्।

हामी पनि तपाईंको निम्ति प्रार्थना गरिरहेका छौं। प्रभु येशू ख्रीष्टले तपाई धेरैभन्दा धेरै आशिष् देऊन्।

– सम्पादक

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATIONS BY ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th APRIL 2022**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers**, New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**